# सडक यातायात सुरक्षा जानकारी

सन् २०२४ नोभेम्बर महिना १ तारिखदेखि लागू

BICYCLE SAFETY ACTION
टोकियो महानगरीय प्रहरी ट्राफिक प्रहरी विभाग

# मादक पदार्थ सेवन गरेर साइकल चलाउनेलाई पनि अबबाट कडा नियम लगाइने भएको छ।



**"Shkiobi-unten" अर्थात रक्सी खाएर साइकल चलाएमा कानूनद्वारा कडा सजाय हुने भएको छ !!**

## सडक यातायात कानूनी धारा ६५-१

(“Shkiobi-unten” मादक पदार्थ सेवन गरी सवारी चलाउनमा प्रतिबन्ध)

सडक यातायात कानूनी धारा ६५-१ को कानून उल्लङ्घन गरी, सरकारी अध्यादेशले तोकिएको मात्रा भन्दा बढी मादक पदार्थको सेवन गरी सडक सवारी साधन चलाएका व्यक्तिहरुलाई (साइकल बाहेकको हलुका सवारी समावेश नहुने)

**सजाय**

**सडक यातायात कानूनी धारा ११७-२-२ अनुच्छेद १-३ बमोजिम**

**तीन बर्षसम्मको कैद अथवा पाँच लाख येनसम्मको जरीवाना हुनेछ।**

**अझै**

【सडक यातायात कानून अनुशार मादक पदार्थ सेवन गरी सवारी चलाउकका वरपरका व्यक्तिहरुलाई लगाइने तीनवटा प्रावधानहरू अबबाट साइकलमा पनि लागू हुन्छ।】

◎ रक्सी खाएर साईकल चलाउला कि जस्तो शंका लाग्ने व्यक्तिलाई सवारी साधन दिनु हुँदैन। (साइकल बाहेकको हलुका सवारी समावेश नहुने)



**मादक पदार्थ सेवन गरेको व्यक्तिलाई सवारी चलाउन दिएमा**

(सडक यातायात कानूनी धारा ६५-२ ,धारा ११७-२-२-१ अनुच्छेद ४)

**तीन बर्षसम्मको कैद अथवा पाँच लाख येनसम्मको जरीवाना हुनेछ।**

◎ रक्सी खाएर साईकल चलाउला कि जस्तो शंका लाग्ने व्यक्तिलाई रक्सी खान दिनु वा बेच्नु अथवा पिउन उक्साउनु हुँदैन।



**सवारी चालकलाई रक्सी खान दिने वा बेच्ने**

(सडक यातायात कानूनी धारा ६५-३, धारा ११७-३-२ अनुच्छेद २)

**दुई बर्षसम्मको कैद अथवा तीन लाख येनसम्मको जरीवाना हुनेछ।**

◎रक्सी पिएको छ भन्ने कुरा थाहा हुन्दाहुँदै पनि पुऱ्याउन अनुरोध गरी त्यो व्यक्तिले चलाएको साइकलमा चढ्नुहुँदैन। (साइकल बाहेकको हलुका सवारी समावेश नहुने)



**रक्सी पिएको व्यक्तिले चलाएको सवारीमा चढेमा**

(सडक यातायात कानूनी धारा ६५-४, धारा११७-३-२ अनुच्छेद ३)

**दुई बर्षसम्मको कैद अथवा तीन लाख येनसम्मको जरीवाना हुनेछ।**

**साइकल नै त हो भनि हल्कामा नलिनुहोस्**

**NO**



**रक्सी खाएर सवारी चलाउनु हुँदैन !**

